annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २० भदौ २०८२ | भाद्र शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | FRIDAY, SEPTEMBER 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## दर्ता गर्न नमानेपछि निष्क्रिय पारिँदै २५ सामाजिक सञ्जाल

फेसबुक, एक्स (ट्वीटर), इन्स्टाग्रामलगायतका सामाजिक सञ्जाल-प्लेटफर्म हरेक उमेर समूहका मान्छेका लागि लत बनिसकेका छन्, यिनको प्रयोग बढ्दो छ । तर, यिनको सदुपयोग मात्र छैन, दुरुपयोग पनि उस्तै छ । विकृति-विसंगति मात्र बढेका छैनन्, साइबर क्राइम पनि उस्तै छ । त्यसैकारण सरकारले पटक-पटक सामाजिक सञ्जाल-प्लेटफर्मलाई दर्ताका लागि आह्वान गर्‍यो । तर, अधिकांशले टेरेनन् । त्यसैकारण सरकारले २५ वटा सामाजिक सञ्जाल निष्क्रिय गर्ने निर्णय गरेको छ ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
– को रिपोर्ट




## डम्बरको शव जलिरह्यो, मलामीका आँसु बगिरहे



हरिबहादुर लम्जेल | *धनकुटा*

धन कमाउन विदेश गएका छोरा डम्बरबहादुर मगर कुवेतमा बिते। त्यसको तीन दिनमै घरव्यवहार सम्हालिरहेकी बुहारी विद्या मगरको पनि निधन भयो। छोरा-बुहारी एकैपटक गुमाउँदाको पीडाले बिछिप्त आमा मसिनी माया मगर आफैंलाई सम्हाल्न सकिरहेकी थिइनन्। तीन महिनाअघि मात्रै (गत जेठमा) श्रीमान् हबिबहादुर मगरलाई गुमाएकी मसिनीको जीवनमा एकपछि अर्को परिवारका सदस्य गुमाउनुपर्दाका पीडा अनुमान गर्न पनि गाह्रो हुन्छ।

उमेरले ६८ वर्ष पुगेकी मसिनीमाया मगरलाई आमाबुवा गुमाएका तीन नातिनीको अभिभावकत्वसमेत काँधमा थपिएको छ। धन कमाउन गएको छोरा काठको बाकसमा देख्दा उनको मात्र होइन आफन्त र मलामीको मन भक्कानिएको थियो। नरुने कोही थिएनन्। आफन्त र मलामीले सान्त्वना दिँदा पनि मसिनीका गहभरि आँसु थिए।

कुवेतमा मृत्यु भएका डम्बरबहादुर मगरको शव बिहीबार महालक्ष्मी-४ को दमारस्थित अरुणघाटमा अत्येष्टि गरियो। महालक्ष्मी-१ कटहरे सिप्रिङका डम्बरबहादुर मगरको भदौ ४ गते कुवेतमा मृत्यु भएको थियो। डम्बरबहादुरको मृत्यु भएको खबरले विक्षिप्त बनेकी उनकी श्रीमती विद्या मगरको तीन दिनपछि अर्थात् ७ गते मृत्यु भएको थियो।

सिंगो गाउँ नै शोकाकुल भएको उक्त घटनामा १२ दिनअघि विद्याको अत्येष्टि गरिएको थियो भने बिहीबार डम्बरको। डम्बरको अत्येष्टिमा ठूलो संख्यामा मलामी सहभागी थिए। घाटमा करिब दुई सयभन्दा बढी मलामी देखेको महालक्ष्मी-२ का वडाध्यक्ष पदम रखालले बताए। यो घाटमा यति धेरै मलामी विरलै देखिने गरेको उनले बताए।

डम्बरबहादुरको शव बुधबार राति करिब १० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा पुगेको थियो। बिहीबार दिउँसो ३ बजे अरुणघाटमा ल्याइएको थियो। डम्बरको शव आउनुअघि नै घाटमा आफन्तसहित मलामीको भीड लागेको थियो। उनको शव आउनेबित्तिकै रुवावासी चल्यो। सबै मलामीका आँखामा आँसु बगे।

» बाँकी पृष्ठ ६

